# नेपाल साम्यवादी दल
## को
# घोषणा-पत्र

नेपाल साम्यवादी दल नेपाली सर्वहारा वर्ग र आम श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने राजनैतिक दल हो । यो दल वर्ग-सचेत, संगठित, अनुशासित र जुझारु श्रमजीवी वर्गको अग्रदस्ता हो । यसको स्थापना वि.सं २००६ साल भदौ ३० गते (सन् १९४९ सेप्टेम्बर १५ तारिख) कमरेड पुष्पलाल श्रेष्ठको अगुवाईमा "नेपाल कम्यूनिष्ट पार्टी" को नामबाट भएको थियो । यसले आफ्नो स्थापना काल देखिनै मार्क्सवाद लेनिनवादको मार्गदर्शनमा सामन्तवादी शोषण दमनको विरुद्ध जनआन्दोलन द्वारा लोकतान्त्रिक गणराज्य व्यवस्थाको स्थापना गर्दै शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट सामाजवाद र साम्यवादी समाजको स्थापना गर्ने मूल उद्देश्य लिएको छ । यही आफ्नो घोषित उद्देश्य प्राप्तिका लागि अघि बढ्ने क्रममा २०३५ सालमा पूर्वी नेपालमा कार्यरत क्रान्तिकारी युवाहरुको संगठन "नेपाल मार्क्सवादी लिग" र कमरेड तुलसीलालको नेतृत्वमा रहेको "ने.क.पा. २००६" बीच पार्टी एकता भई "नेपाल कम्युनिष्ट पार्टी (अमात्य)" को रुपमा कार्यरत भयो । तर पार्टीबाट क. तुलसीलाल पलायन भएपछि पार्टीलाई अघि बढाउने क्रममा २०५० माघ १५ र १६ गते भैरहवामा सम्पन राष्ट्रिय परिषदको बैठकले पार्टीबाट "(अमात्य)" भन्ने उपनाम परिवर्तन गरी "नेपाल कम्युनिष्ट पार्टी (साम्यावादी)" राखेको थियो । त्यसपछि २०५२ साल आषाढ ३१ गते नेपाल कम्युनिष्ट पार्टी (साम्यवादी) र ने.क.पा. (मालेमा) बीच पार्टी एकिकरण भई "नेपाल साम्यवादी दल (मालेमा)" को रुपमा विकसित भयो । यसै क्रममा "सबभन्दा उन्नत सिद्धान्तद्वारा निर्देशित पार्टीले मात्रै सर्वहारावर्गको मुक्ती गर्न सक्छ" भन्ने लेनिनको भनाईलाई आत्मसात गर्दै २०५९ मंसिर २६ देखि २९ गतेसम्म विराटनगरमा सम्पन्न नेपाल साम्यवादी दल (मालेमा) को केन्द्रीय कमिटीको १२ औं विस्तारित बैठकले गम्भीर बहस पश्चात पार्टीमा पुच्छर जोडने परम्पराको अन्त्य गर्दै "मालेमा" भन्ने उपनाम हटाई पार्टीको नाम "नेपाल साम्यवादी दल" कायम गरी आफ्नो कार्य अघि बढाई रहेको छ । यसको इतिहास मार्क्सवादी धार, दक्षिणपन्थी संशोधनवादी धार र उग्र "वामपन्थी" अवसरवादी प्रवृत्तिहरु माझ निरन्तर संघर्षको इतिहास रहेको छ । केही समय यतादेखि यसभित्र संशोधनवादी र उग्रवामपन्थी अवसरवादीहरुको बोलबाला रहि आएको छ र यसभित्र नानाथरी अवसरवादी किटाणु र फोहोरहरु जम्मा भएका छन् । त्यस्ता किटाणु तथा फोहोरहरुबाट मुक्त पार्न र आन्दोलनलाई सही दिशातर्फ निर्देशित गर्न संघर्ष गर्नु प्रत्येक साम्यवादीको प्रमुख अभिभारा हो । नेपाल साम्यवादी दलले नेपाली साम्यवादी आन्दोलनको लागि मुख्य खतरा रहेको संशोधनवादी धारा र साथै निकै हानिकारक रहेको "उग्रबामपन्थी" अवसरवादी प्रवृत्तिको विरुद्ध दृढ तथा सम्झौताहीन संघर्ष चलाई आन्दोलनभित्र मार्क्सवादी-लेनिनवादी र सर्वहारा अर्न्तराष्ट्रियवादलाई स्थापित गर्न र त्यसका क्रान्तिकारी सिद्धान्तहरुको आधारमा मुलुकका क्रान्तिकारी शक्तिहरुलाई एकतावद्ध पार्न दृढ संकल्पित रहि आएको छ ।

नेपाल साम्यवादी दलको अन्तिम उद्देश्य मुलुकमा सामाजवादी समाज र अनि साम्यवादी समाजको निमार्ण गर्नु हो । नेपाली क्रान्तिको वर्तमान जनतान्त्रिक चरणमा दलको प्रमुख उद्देश्य जनताको सर्वहारा जनतन्त्र कायम गर्नु हो, जसको मुख्य काम मुलुकको विकासमा बाधक रहेको सामन्तवादी अर्थिक-सामाजिक सम्बन्धहरु का साथै तिनीहरुद्वारा परिपोषित जातीयतावाद, साम्प्रदायिकतावाद, क्षेत्रीयतावाद, राष्ट्रिय आत्मसमर्पणवाद र संकीर्णतावादलाई विनिष्ट पारी समाजवादको निमार्णको लागि आवश्क पूर्वाधारहरु तयार पार्नु हो । उपरोक्त कार्य मजदुर, किसान, शहरी निम्न-उद्यमी र राष्ट्रिय उद्योगी वर्गहरुको व्यापक संयुक्त मोर्चा मार्फत मात्र सम्पन्न गर्न सकिन्छ ।

उपरोक्त राजनैतिक उद्देश्य अनुरुप र त्यसको पूर्तिको लागि नेपाल साम्यवादी दलले वैधानिक, संसदीय, शान्तिपूर्ण संघर्षको सबै रुप तथा तरीकाहरुको प्रयोग गर्नुपर्छ । जनआन्दोलन र क्रान्तिकारी शक्तिहरुको व्यापकता, अभिबृद्धि तथा सुदृढिकरणका लागि उपलब्ध सबै वैधानिक अवसरहरुलाई उचित किसीमले उपयोग गर्नु आवश्यक छ । ०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त भएका जनतान्त्रिक अधिकार तथा सुधारहरुको जन-संघर्षलाई संगठित र व्यापक बनाउने काममा राम्ररी प्रयोग गर्नु र त्यस्तै संसदीय निवार्चन र संसदको क्रान्तिकारी उपयोग गर्नु वर्तमान स्थितीमा दलको कार्यनीतिको एउटा मुख्य कार्यदिशा हो ।

नेपाल साम्यवादी दल पंचशिलका सिद्धन्तहरुको आधारमा अन्य मुलुकहरुसित नेपालको सम्बन्धको दह्रो रुपमा वकालत गर्दछ । भारतसित भएका १९५० को सन्धि लगायत सबै असमान सन्धिहरुको खारेजी र वास्तविक समानता भू-अखण्डताको संरक्षण एवं राष्ट्रिय हितको आधारमा त्यस्ता सन्धिहरु हुनुपर्ने कुरोको हामी पक्षमा छौं । हाम्रो दल हैकमवादको दृढ विरोध र तिनको विरुद्ध विभिन्न मुलुकहरुमा चलिरहेको राष्ट्रिय मुक्ति संघर्ष र आन्दोलनहरुको दृढ समर्थन गर्दछ । विश्व-प्रभुत्वको जंगली, फासिष्ट आकांक्षाबाट प्रेरित रहेर अर्न्तराष्ट्रिय प्रहरीको निन्दनीय भूमिका खेलिरहेको अमेरीकी र त्यस्तै दक्षिण एशियामा प्रभुत्व र इलाका विस्तारको लागि कार्यरत भारतीय नीतिको दृढ रुपमा विरोध गर्दछ । हाम्रो दल समानता, पारस्परिक सम्मान र भाइचारापूर्ण मित्रताको आधारमा सबै मुलुकहरुमा साम्यवादी, प्रगतिशील तथा क्रान्तिकारी शक्तिहरुसित सम्पर्क सम्बन्ध र एकताबद्धताको विकास गर्न प्रयत्नशील रहन्छ । दलले यस दक्षिण एशियाली क्षेत्रमा भारतीय शासकवर्गहरुको प्रभुत्ववादी नीति तथा कार्यको विरुद्ध व्यापक जन-एकताको निमार्ण तथा विकास गर्न प्रयत्न गर्दछ ।

सर्वारावर्गको नेतृत्वले एक सच्चा सर्वहारा दल मार्फत मात्र सच्चा जनतन्त्रको साकार रुप लिन्छ र लिनु पर्दछ । संशोधनवादी, अवसरवादी र उग्रबामपन्थी अवसरवादी समुहले त्यस्तो अहँ भूमिकालाई कदापि पुरा गर्न सक्दैन । नेपाली साम्यवादी आन्दोलनमा सर्वहारा नेतृत्वलाई साकार रुप प्रदान गर्ने गहन जिम्मेवारी हाम्रो दलको काँधमाथि आईपरेको छ । सो जिम्मेवारी पुरा गर्नका लागि दलले एउटा प्रभावकारी हथियारको रुपमा नेतृत्वको सबल संगठनको रुपमा विकसित गर्नु अति आवश्यक छ । त्यसको लागि दलले गर्नुपर्ने केही प्रमुख काम हुन् - मार्क्सवाद, लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रियतावादको सर्वव्यापी सत्यलाई मुलुकको ठोस वस्तुस्थितीमा सिर्जनात्मक तथा दक्ष ढंगले लागू गर्नु, जनतासित घनिष्ठतम् सम्बन्ध कायम गर्नु, संगठनका मार्क्सवादी, लेनिनवादी सिद्धान्तहरुको दृढ रुपमा पालन गर्नु, सादा जीवन र कठिन संघर्षको शैली लागु गर्नु, सिद्धान्तमा अविचल र व्यवहारमा लचकिलो हुनु र दल भित्र संशोधनवादी वा "उग्रबामपन्थी" औसरवादी प्रवृत्तिप्रति सतर्क भई त्यसलाई खत्तम पार्नु, व्यावहारिक संघर्षबाट प्राप्त अनुभवहरुको सैद्धान्तिक सामान्यीकरण गरी सम्पूर्ण दलका कार्यकर्ताहरु र श्रमजीवी जनताको समभ्रुदारी तथा चेतनाको स्तर उठाउनु । दल मातहतका संगठनहरु र दलका कार्यकर्ताहरुको क्रियाशीलता मार्फत नै दलका नीति तथा फैसलाहरु व्यवहारमा कार्यान्वित हुने भएकाले तिनीहरुको सैद्धान्तिक तथा राजनैतिक समभ्रुदारी, कार्यक्षमता, योग्यता तथा व्यवहारिक कुशलताको स्तर निरन्तर रुपमा उठ्नु आवश्यक छ । दल भित्र नोकरशाही, अराजकतावादी, फूटवादी तथा गूटवादी, षड्यन्त्रकारी, जिम्मेवारी पन्छाउने अधिकारको दुरुपयोग गर्ने, विशेषधिकार खोज्ने महत्वकांक्षा पूरा गर्ने जस्ता गैर- सर्वहारा प्रवृत्तिहरुलाई कुनै स्थान दिइनु हुदैन । लडाकू, निस्वार्थ, त्याग र बलिदानको भावना भएका, जनतासित घनिष्ट सम्बन्ध हुने, अनुशासनको पालना गर्नमा दृढ, सैद्धान्तिक तथा राजनैतिक रुपले स्पष्ट र योग्य कार्यकर्तालाई महत्वपूर्ण पदमा नियुक्त गर्ने नीतिलाई ठीकसित लागु गर्नुपर्छ । यस सम्बन्धमा सबभन्दा मुख्य कुरो मार्क्सबादी-लेनिनवादी नेतृत्वको विकास गर्नु हो, जसको अभावमा दललाई सही दिशामा अविचल रुपमा अघि बढाउन र दलले आफ्नो जिम्मेवारीलाई सफलतापूर्वक पुरा गर्न सकिनेछैन ।

संशोधनवाद र "उग्रबामपन्थी" औसरवादसित पूरै सम्बन्ध विच्छेद, सिद्धान्तनिष्ठता, विचारमा सुसंगति, सिद्धान्तमा आधारित नीतिको अनुसरण, कुरो र काममा मेल, व्यवहारिक मामिलामा इमान्दारी आदि केही आफ्ना सर्वहारा गुणहरुको कारण हाम्रो दलले आफ्नो एउटा छुट्टै पहिचान र चहकिलो छवि कायम गरेको छ । यो दलको लागि मात्र होइन, सम्पूर्ण साम्यवादी आन्दोलनको लागि एउटा ठुलो उपलब्धि र बहुमूल्य सम्पत्ति हो । सम्पूर्ण दलले त्यसको संरक्षण र विकासको लागि निरन्तर प्रयत्नशील रहनु पर्छ । उपरोक्त तथ्यलाई मनन गरेर दलका सबै कार्यकर्ताहरुले मार्क्सवादी लेनिनवादी भ्रुण्डालाई दह्रोसित उठाउनु पर्छ, संशोधनवादी र "उग्रबामपन्थी" औसरवादी प्रवृत्तिहरुको विरुद्ध दृढ तथा संभ्रौताहीन संघर्ष चलाउनु पर्छ, मार्क्सवाद सम्बन्धी समभ्रुदारीलाई निरन्तर उठाउनका लागि लगनका साथ अध्ययन-मनन गर्नुपर्छ, मुलुक, जनता र क्रान्तिको हितलाई सर्वोपरी मानेर जनताको बिचमा रही सक्रिय रुपले काम गर्नुपर्छ, उच्च साम्यवादी आदर्श तथा उच्च नैतिकता र निस्वार्थ त्याग-बलिदानको भावनाकासाथ अथक रुपले संघर्षरत रहनु पर्छ र जनवादी, स्वतन्त्र तथा शक्तिशाली नयाँ नेपालको निर्माण गर्ने र त्यसको आधारमा साम्यवादी समाजको निर्माणतर्फ बढ्ने नेपाली सर्वहारावर्गको महान ऐतिहासिक अभिभाराको पूर्तिमा सकभर धेरै योगदान गर्ने भावनाले निरन्तर कार्यरत रहनुपर्छ ।

# नेपाल साम्यवादी दलको
# नियमावली - २०६४

## भाग - १
## प्रारम्भिक

१)	नाम र प्रारम्भ :
क)	यस नियमावलीको नाम "नेपाल साम्यवादी दलको नियमावली २०६४" रहेको छ ।
ख)	यो नियमावली दलको सबै तहमा तुरुन्त प्रारम्भ हुनेछ ।

२)	परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :
क)	"विधान" भन्नाले नेपाल साम्यवादी दलको विधान सम्झनु पर्छ ।
ख)	"घोषणा पत्र" भन्नाले नेपाल साम्यवादी दलको घोषणा पत्र सम्झनु पर्छ ।
ग)	"नियमावली" भन्नाले नेपाल साम्यवादी दलको नियमावली भन्ने सम्झनु पर्छ ।
घ)	"सदस्य" भन्नाले नेपाल साम्यवादी दलको सदस्य भन्ने सम्झनु पर्छ ।
ङ)	"कमिटी" भन्नाले यस दलको विधान अन्तर्गत संगठित सबै तहको कार्यकारिणी कमिटी भन्ने सम्झनु पर्छ ।
च)	"पदाधिकारी" भन्नाले यस दलको विधान बमोजिम संगठित सबै तहको कमिटीका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ ।

## भाग - २
## सदस्यको अधिकार र कर्तब्य

३)	सदस्यको अधिकार र कर्तब्य निम्न बमोजिम हुनेछ :
क)	दलको विधान र नियम मानी, सदस्य शुल्क र लेभी तिरी कुनै वर्गिय संगठनमा रही काम गर्न चाहने १६ वर्ष पुगेको कुनै पनि नेपाली नागरिक यस दलको सदस्य हुन सक्नेछ ।
ख)	सदस्यताको लागि दलद्वारा प्रदान गरिएको आवेदन फारम भरी विधानको दफा ५, दफा ६ र दफा ७ को प्रकृया पुरा गरी निवेदन दिनु पर्नेछ ।
ग)	दलको सदस्यले नियमित सदस्यता शुल्क मासिक रु. ५।- अनिवार्य रुपले बुझाउनु पर्छ ।
घ)	देशको अखण्डता, सार्वभौमिकता र राष्ट्रिय एकताको रक्षा गर्नु र आफ्नो सैद्धान्तिक स्तर उठाउनु पर्नेछ ।
ङ)	दलको विधान र नियममा रही प्रत्येक सदस्यलाई तल देखि माथिसम्म दलका सबै निकायमा चुन्ने र चुनिने अधिकार रहनेछ ।
च)	दलको नीति र भावना अनुरुप रचना लेख्नु र प्रकाशित गर्नु ।
छ)	केन्द्रद्वारा संचालित प्रशिक्षणमा भाग लिनु ।
ज)	अनुशासनको कारवाहीमा पर्दा सम्बन्धित कमिटीको बैठकमा उपस्थित हुनु र आफ्नो सफाई पेश गर्नु ।
झ)	दलका सबै सदस्यले दलको बहुमतले गरेको कुनै पनि फैसला बिना शर्त लागु गर्नु पर्छ तर आफ्नो फरक विचारलाई सुरक्षित राख्न सकिनेछ ।

## भाग - ३
## विविध

४)	यस नियमावलीमा हेरफेर तथा थपघट :
दलको महाधिवेशन वा राष्ट्रिय सम्मेलनले यस नियमावलीमा संशोधन वा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

५)	दलको मुलभूत सिद्धान्त र विधानको अधिनमा रही दलको कुनै पनि कमिटीले संगठनविस्तार गर्न आ-आफ्नो मातहतको तहसम्मको लागि मात्र उपनियमहरु बनाई आ-आफ्नो तहमा लागु गर्न सक्ने छन् । यस्ता उपनियमको स्वीकृति माथिल्लो कमिटीबाट अनिवार्य रुपले लिनु पर्नेछ । स्वीकृती नलिएमा वा स्वीकृती नभएमा उक्त उपनियम स्वतः खारेज भएको मानिनेछ ।